# पोखरा विश्वविद्यालय
# POKHARA UNIVERSITY
Kaski, Nepal

मितिः २०७८।१०।२७

चलानी नं.:/Ref. No.


**स्नातक तह छात्रवृत्ति छनौंट परीक्षा (विज्ञान तथा प्रविधि संकाय समूह (क), विज्ञान तथा प्रविधि संकाय समूह (ख), व्यवस्थापन संकाय र मानविकी सामाजिक शास्त्र संकायको योग्यताक्रम (Merit List) प्रकाशित सम्बन्धि सूचना !**

पोखरा विश्वविद्यालय स्नातक तह छात्रवृत्ति छनौंट समिति, २०७८ बाट मिति २०७८।०९।२१ र २२ गते लिएको विज्ञान तथा प्रविधि संकाय समूह (**क**), विज्ञान तथा प्रविधि संकाय समूह (**ख**), व्यवस्थापन संकाय र मानविकी तथा सामाजिक शास्त्र संकायको छात्रवृत्ति छनौट प्रवेश परीक्षाको पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धि नियमावली, २०६५ को नियम (१२)(१३) को (१)(२)(३) अनुसार योग्यताक्रम सूचि (Merit List) प्रकाशित गरिएको व्यहोरा सम्बधित सबैलाई जानकारी गराइन्छ ।

छात्रवृत्ति छनौंट प्रवेश परीक्षाको योग्यताक्रम सूचिमा कक्षा १ देखि कक्षा १० सम्म वा कक्षा ६ देखि १० सम्म सार्वजनिक विद्यालयबाट अध्ययन गरी एसइइ वा एसएलसी उत्तिर्ण गरेको उम्मेदवारहरुको School Sector-**Public** र सार्वजनिक विद्यालयबाट कक्षा ७ देखि १० सम्म र संस्थागत विद्यालयमा अध्ययन गरी एसएलसी वा एसइइ उत्तिर्ण गर्ने उम्मेदवारहरुको School Sector-**Others** गरी छुट्टाछुट्टै योग्यताक्रम सूचि (Merit List) र खुला र आरक्षणको विवरण समेत प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ ।

प्रकाशित गरिएको सूचना र सम्पूर्ण विवरण विश्वविद्यालयको वेबसाइट www.pu.edu.np र https://scholarship.pu.edu.np मा समेत समावेश गरिएको हुदा दिएको Link मा गइ विवरण हेरी जानकारी लिन सकिने कुरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

**यस सम्बन्धमा निम्न विषयहरु स्पष्ट पारिएको छ ।**

क) तोकिएको समयावधिभित्र पनि कक्षा १२ को एकिकृत अभिलेख (ट्रान्सक्रिप्ट) पेश नगरेको उम्मेदवारहरुलाई यो छात्रवृत्तिको प्रक्रियाबाट हटाइको छ ।

ख) यदी कसैलाई प्रकाशित नतिजा उपर चित्त नबुझेमा सो सम्बन्धमा यहि मिति २०७८।१०।२९ गते भित्र **puscholarship@pu.edu.np** मा निवेदन दिइ दावि विरोध गर्न सकिनेछ । उम्मेदवारहरुले दावि विरोधको निवेदन दिदा **नाम, युजर आइडी, रोल नं. र मोवाइल नं.** अनिवार्य उल्लेख गर्नुपर्ने छ ।

ग) उम्मेदवारहरुले पेश गरेको कागजातहरु छानविनको क्रममा झुट्टा सावित भएमा त्यस्ता उम्मेदवारहरुलाई जुनसुकैबेला पनि छात्रवृत्ति प्रक्रियाबाट हटाइनेछ ।

घ) उम्मेदवारहरुलाई अनलाइन मार्फत कार्यक्रम र कलेजहरुको छनौंट गर्न अनुसूचि फाराम भराउने कार्य मिति २०७८।११।०१ गतेबाट व्यवस्था हुनेछ ।

ङ) प्रकाशित नतिजामा प्राविधिक कारणवस वा भुलवस कुनै त्रुटि हुन गएको खण्डमा त्यसलाई सच्चाउने अधिकार छनौंट समितिमा सुरक्षित रहनेछ ।

..........................
रोशन पाण्डे
सदस्य-सचिव
स्नातक तह छात्रवृत्ति छनौंट समिति, २०७८